निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति २०७४।०१।१४

काठमाडौं, बैशाख १४ । स्थानीय तह निर्वाचन २०७४ का लागि निर्वाचन आयोगले फागुन १८ देखि जारी गरेको 'स्थानीय तह निर्वाचन आचारसंहिता, २०७३' निर्वाचन आयोग ऐन, २०७३ को दफा २ (फ) अनुसार निर्वाचन हुने मितिभन्दा एक सय बीस दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्म रहने प्रावधान अनुरुप दोस्रो चरणको स्थानीय तह निर्वाचन हुने मिति २०७४ जेठ ३१ गते बुधबार हुने निर्वाचन अवधिभरसम्म यथावत कायम रहने छ ।

निर्वाचन आचारसंहिता यथावत कायम रहेको सन्दर्भमा केही आम सञ्चार माध्यमबाट आचारसंहिता फिर्ता लिएको भन्ने समाचार सम्प्रेषण भएको भन्ने जानकारी हुन आएको हुँदा आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगले उपरोक्त मितिमा जारी गरेको आचारसंहिता कायमै रहेको सम्बन्धमा कुनै भ्रममा नपर्न, आचारसंहिताको पूर्ण पालना गरेर सहयोग गर्न र निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी तथा विश्वसनीय बनाउनसमेत आग्रह गरिएको छ ।

सूर्यप्रसाद शर्मा

सहसचिव तथा प्रवक्ता

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np

"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"